# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, वैशाख २० गते २०६४ साल (अतिरिक्ताङ्क ६

## भाग ५

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना १

माननीय गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला स्वास्थ्योपचारको सिलसिलामा मित्रराष्ट्र भारतको राजधानी नयाँ दिल्लीमा रहनु भएको र उहाँको अनुपस्थितिमा सम्माननीय प्रधानमन्त्रीको निर्देशानुसार माननीय अर्थ मन्त्री डा. रामशरण महतले गृह मन्त्रालयको कार्यभार सम्हाली आउनु भएकोमा माननीय अर्थ मन्त्री डा. रामशरण महत जापानको क्योटोमा आयोजना हुने एशियासी विकास बैङ्कको ४० औं वार्षिक बैठकमा भाग लिने सिलसिलामा मिति २०६४।१।२० गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले गृह मन्त्रीको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री श्री रामचन्द्र पौडेलले सम्हाल्ने गरी तोक्नु भएको छ ।

### सूचना २

माननीय अर्थ मन्त्री डा. रामशरण महत जापानको क्योटोमा आयोजना हुने एशियाली विकास बैङ्कको ४० औं वार्षिक बैठकमा भाग लिने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सिलसिलामा मिति २०६४।१।२० गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले वातावरण, विज्ञान तथा प्रविधि मन्त्री श्री महन्थ ठाकुरले सम्हाल्ने गरी तोक्नु भएको छ ।

आज्ञाले,
डा. भोजराज घिमिरे
मुख्य सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।